# नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दल्ली, जाजरकोट

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली जाजरकोट कर्णाली प्रदेश नेपाल

ईमेल :- ito.nalgaadmun@gmail.com


पत्र संख्या :- ०८०/०८१ (प्रशासन)
चलानी नं.:-

मिति :- २०८०।१०।०४
ने.स.:११४४, पोहेलाथ्व-विहीवार

**घाईते अपाङ्गता भएका व्यक्तिहरुलाई जिवन निर्वाह भत्ता प्राप्तिको लागि निवेदन दिने सम्बन्धि सूचना !!!**

प्रस्तुत सम्बन्धमा कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेतकको च नं ४१३ मिति २०८०।०९।२९ गतेको प्राप्त पत्रानुसार जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा घाईते अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता प्रदान गर्न **"घाईते अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८०"** मा भएको व्यबस्था बमोजिम नेपाल सरकार गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा यस नगरपालिका भित्रका घाईते अपाङ्गता भएका व्यक्तिहरुले सूचना प्रकाशित भएको ३० दिन भित्र तपसिलमा उल्लेख भए बमोजिमका कागजात सहित यस नगरपालिकामा घाईते अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाह भत्ता प्राप्तिको लागि निवेदन दिनुहुन र यस सम्बन्धि विस्तृत जानकारीको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयको वेवसाइट **moial.karnali.gov.np** तथा नलगाड नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन सरोकारवाला सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. द्वन्द्ध पिडित घाईते अपाङ्गता भएको ब्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
२. नेपाल सरकारबाट जारी भएको घाईते अपाङ्गता परिचयपत्रको प्रतिलिपी वा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा सत्यनिरुपण तथा मेलमिलाप आयोगले जारी गरेको पिडित परिचयपत्रको प्रतिलिपी,
३. स्थानीय तहले जारी गरेको अपाङ्गता परिचयपत्रको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस,
४. प्रदेश स्थापनाको लागि भएको आन्दोलनको क्रममा घाईते वा अपाङ्गता भएको व्यक्तिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको विवरण खुल्ने प्रमाणित कागजात वा सिफारिस,
५. बैंक खाता नम्बर खुल्ने कागजात ।

..................
(दिनेश भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत